मिति २०७९/१/७ को नगर कार्यापालिका बैठकका प्रस्तावहरु

१. निर्वाचन आचार संहिता सम्बन्धमा ।
२. नगर प्रमुख विपन्न आय आर्जन कार्यकम सम्बन्धमा ।
३. सिलौटाको राजश्व रकम लिने सम्बन्धमा ।
४. वजेट व्यवस्थापन सम्बन्धमा ।
५. भवन निर्माणको लागि सार्वजनिक जग्गा उपलब्ध गराउने सम्बन्धमा ।
६. विज्ञापन रद्ध सम्बन्धमा ।
७. खरका छाना मुक्तको लागि प्राप्त रकम सम्बन्धमा ।
८. साझा सुविधा केन्द्र भवन निर्माण सम्बन्धमा ।
९. बाटो मर्मत सम्बन्धमा ।
१०. विविध सम्बन्धमा ।

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ठ.डा, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७९/१/३० गते हुन गैरहेको स्थानीय तहको निर्वाचनका सर्न्दभमा निर्वाचन आयोगको निर्वाचन आचारसंहिता, २०७८ आजको बैठकमा प्रस्तुत भयो । उक्त आचार संहिताको सवैले पूर्ण पालना गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा पूर्व बैठकबाट स्वीकृत नगर प्रमुख विपन्न आय आर्जन कार्यकम अर्न्तगत प्रीत परिवार १ वटा बंगुर बा बाखा दिने र एक वटाको दर रु ७०००।- कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्र भित्रबाट जो कोहीले सिलौटो बनाई बेचविखन तथा निकासी गर्दा प्रति सिलौटोको रु ५०।- राजश्व लिने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा तग बैठकबाट यस नगरपालिकाको निम्न कार्यको लागि वजेट विनियोजन भएको तर शिर्षक नतोकिएकोमा निम्न शिर्षकबाट खर्च लेख्ने र चालु खर्च तर्फ नपुग निम्न शिर्षकमा वजेट थप गर्ने साथै चालु आ.व.को सर्शत अनुदान तर्फ स्थानीय तहका स्वास्थ्य चौकी, प्रा.स्वा.के. र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलव, महंगी भत्ता, स्थानीय भत्ता, पोषाक लगायत प्रशासनिख खर्च समेत भनि रु २,९३,००,०००।- विनियोजन भई आएकोमा उक्त रकमलाई हाल सम्म भएको खर्च समेतका आधारमा निम्न शिर्षकमा बाडफाड गर्ने निर्णय गरियो ।

**तपशिल**

**नगरपालिका तर्फ**

१. प्रदुषण मापन तथा वातावरण सम्बन्धि कार्ययोजना निर्माण रु ५०००००।- (हाल सम्म सम्झौता नभई वचत हुने वा अन्य जुनसुकै श्रोत)

२. उपमेयर किकेट कपको रकम रु २५००००।- (हाल सम्म सम्झौता नभई बचत हुने वा अन्य जुनसुकै श्रोत)

३. भाडा (घरभाडा समेत) रु १५०००००।- (हाल सम्म सम्झौता नभई वचत हुने वा अन्य जुनसुकै श्रोत)

४. सवारी साधन मर्मत रु रु १५०००००।- (हाल सम्म सम्झौता नभई वचत हुने वा अन्य जुनसुकै श्रोत)

**स्वास्थ्य शाखा तर्फ**

१. तलव भत्ता, पोषाक भत्ता, लगायतको खर्च शिर्षकमा रु २,७४,६१,०००।-

२. स्वास्थ्य चौकी तथा प्रा.स्वा.केन्द्र प्रशासनिक खर्च शिर्षकमा रु २,१०,०००।-

३. आधारभुत स्वास्थ्य सेवा केन्द्र शिर्षक रु १,२०,०००।-

४. सामुदायिक सहरी स्वस्थ्य सेवा केन्द्र शिर्षकमा रु १,६९,०००।-

५. स्वास्थ्य संस्थाहरुमा कम्प्युटर तथा प्रिन्टर खरिद शिर्षकमा रु ८४००००।-

६. स्वास्थ्य शाखाको लागि ल्यापटप खरिद शिर्षकमा रु २०००००।-

७. कर्मचारी भ्रमण खर्च रु ३०००००।-

**जम्मा रु २,९३,०००००।-**

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं ८ लाहापेको मिलनचोकमा पूर्व खोल्सी पश्चिम बाटो उत्तर सार्वजनिक जग्गा दक्षिण सार्वजनिक जग्गा भित्र पर्ने करिव २ रोपनी क्षेत्रफल भित्रमा ग्रामिण उद्यम तथा आर्थिक विकास आयोजना आर्थिक करिडोर कार्यालय बुटवलको कार्यकमबाट बनाउने कृषि उपज संकलन केन्द्र निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस कार्यालयबाट गरिएको विज्ञापान यस अघिको का.पा. बैठकबाट हाललाई स्थगित गरिएकोले यस कार्यालयमा केही पदमा स्थायी कर्मचारी आइसकेको र बाँकी पदको लागि सरुवा सहमति तथा लोकसेवा आयोगमा माग गरिएकोले उक्त विज्ञापन रद्ध गर्ने र उमेद्धवारले यस कार्यालयमा तिरेको राजश्व निजहरुलाई फिर्ता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा प्रदेश सरकारबाट खरको छाना विस्तापन कार्यका लागि रु ५० लाख प्राप्त भएकोमा उक्त रकमबाट वडा नं २ र ३ बाहेक वडा नं ७, ९, ११ ले १०/१० घर सिफारिस गर्ने, अन्य बाँकी वडाले ५/५ घर सिफारिस गर्ने र बाँकी नगर प्रमुख/उप प्रमुखले समन्वय गरि सिफारिस गरेका घरलाई जस्तापाताले घर छाउन रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा मेडपा कार्यक्रमबाट साझा सुविधा केन्द्र भवन निर्माण कार्यको लागि केही वेजट विनियोजन भएको र नगरपालिका तर्फ समेत केही रकम रहेकोले उक्त भवन सबै नगरपालिकाको वडा नं. ८ को तिनखण्डेको सर्वजनिक जग्गामा बनाउने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यही २०७९/१/३० मा हुने स्थानीय तह निर्वाचनका लागि नगरपालिका क्षेत्र भित्रका मतदान केन्द्र मध्ये चाहदिप र लौरीमा जाने बाटो मर्मत गर्नु पर्ने भएकोले दोबाटा चावेनेटा सिमलदीप जनमुखि विद्यालय खर्क मो.वा. र सिलिङ्गखोला लौरी मो.वा. ल.ई गरी मर्मत गर्ने र रकम नगरपालिकाको जुनसुकै श्रोतबाट खर्च गर्ने निर्णय गरियो ।

आजको बैंठक सर्व सम्मत रुपमा सम्पन्न गरियो ।